# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २९ ] काठमाडौं, माघ २ गते २०३६ साल [ अतिरिक्ताङ्क ५६


## राष्ट्रिय चुनाव आयोगको

### सूचना

श्री ५ महाराजाधिराजबाट स्वीकृत गरिबक्सेको जनमत संग्रह नियमावली सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको छ ।

### जनमत संग्रह नियमावली, २०३६

राष्ट्रिय जनमत संग्रहको सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, राष्ट्रिय चुनाव आयोगले बनाएको देहायका नियमहरूमा श्री ५ महाराजाधिराजबाट स्वीकृति प्रदान गरिबक्सेको छ ।

परिच्छेद–१

प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यी नियमहरूको नाम "जनमत संग्रह नियमावली, २०३६" रहेको छ ।

(२) यो नियमावलीको विस्तार नेपाल अधिराज्यभर हुनेछ र यो नियमावली विदेशमा रहेका यस नियमावली अनुसार मतदान गर्न पाउने नेपाली नागरिकका हकमासमेत लागू हुनेछ ।

७९५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा–

(क) "जनमत संग्रह" भन्नाले श्री ५ महाराजाधिराजबाट २०३६ साल जेष्ठ १० गते बक्सेको शाही घोषणाबमोजिम बालिग मताधिकारको आधारमा मतदान हुँदा मत दिने कार्यलाई राष्ट्रिय जनमत संग्रह सम्झनुपर्छ ।

(ख) "आयोग" भन्नाले श्री ५ महाराजाधिराजबाट जनमत संग्रहको लागि गठन गरिबक्सेको राष्ट्रिय चुनाव आयोग सम्झनुपर्छ ।

(ग) "मतदाता" भन्नाले मतदाता नाम संग्रह नियमावली, २०३६ को नियम ६ बमोजिमको व्यक्ति सम्झनुपर्छ ।

(घ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस नियमावलीअन्तर्गत आयोगले जारी गरेको आदेशमा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

३. आदेश जारी गर्ने अधिकार: जनमत संग्रहको सम्बन्धमा यस नियमावलीमा लेखिएदेखि बाहेक अन्य विषयमा आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गर्न सक्नेछ ।

परिच्छेद–२

## जनमत संग्रहको मूलभूत कुरा तथा सूचना

४. जनमत संग्रहको मूलभूत प्रश्नहरू र परिणाम: (१) यस नियमावलीबमोजिम लिइने जनमत संग्रहमा उपनियम (२) का अधीनमा रही देहायका दुई मूलभूत प्रश्न गरिनेछन्:–

(क) पञ्चायत व्यवस्था कायम राखी त्यसमा सामयिक सुधार गर्दै जाने ?

वा

(ख) बहुदलीय शासन व्यवस्था स्थापना गर्ने ?

(२) उपनियम (१) बमोजिमको प्रश्नमा यस नियमावलीबमोजिम गरिने जनमत संग्रहको नतिजा प्रकाश भएपछि श्री ५ महाराजाधिराजबाट आवश्यक देखिबक्सेको व्यवस्था नेपालको संविधानमा गरिबक्सनेछ ।

५. जनमत संग्रहको साधारण सूचना: आयोगले जनमत संग्रह गर्ने मिति र समय निश्चित गरी सर्वसाधारणको जानकारीको लागि नेपाल राजपत्रमा सूचना प्रकाशित गर्नेछ ।

परिच्छेद–३

## क्षेत्र विभाजन

६. क्षेत्र विभाजन: जनमत संग्रहको लागि क्षेत्र विभाजन तोकिएबमोजिम हुनेछ ।

७. जनमत अधिकृतको नियुक्ति: (१) आयोगले जनमत संग्रहको निमित्त प्रत्येक क्षेत्रमा एक जना जनमत अधिकृत नियुक्त गर्न वा खटाउन सक्नेछ ।

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर एकभन्दा बढी क्षेत्रको लागि एकै जना जनमत अधिकृतबाट वा एक क्षेत्रमा एक भन्दा बढी जनमत अधिकृतबाट जनमत संग्रहको कार्य गराउन बाधा पर्ने छैन ।

(२) आयोगले जनमत संग्रहको लागि जनमत अधिकृतको अतिरिक्त मतदान अधिकृत तथा अन्य कर्मचारीहरू नियुक्त गर्न वा खटाउन सक्नेछ ।

(३) आयोगले मतदान अधिकृत वा अन्य कर्मचारी नियुक्त गरेको वा खटाएको अवस्थामा बाहेक उपनियम (१) बमोजिम नियुक्त भएको वा खटिएको जनमत अधिकृतले आयोगको निर्देशनको अधीनमा रही आवश्यकतानुसार मतदान अधिकृत तथा अन्य कर्मचारीहरू नियुक्त गर्न वा खटाउन सक्नेछ ।

(४) उपनियम (२) वा (३) बमोजिम नियुक्त भएको वा खटाएको मतदान अधिकृत वा अन्य कर्मचारीलाई जनमत अधिकृतले आफ्ना सबै वा केही अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(५) उपनियम (१), (२) र (३) बमोजिम जनमत अधिकृत, मतदान अधिकृत र अन्य कर्मचारीहरू नियुक्त गर्दा वा खटाउँदा सरकारी वा गैर सरकारी व्यक्तिमध्येबाट नियुक्त गरिने वा खटाइनेछ ।

८. मतदान केन्द्र: (१) नियम ६ बमोजिम तोकिएको प्रत्येक क्षेत्रमा रहने मतदान केन्द्रहरू आयोगले दिएको निर्देशनको अधीनमा रही सम्बन्धित जनमत अधिकृतले तोकेबमोजिम हुनेछ ।

(२) मतदान केन्द्रको व्यवस्था आयोगले तोकिदिएबमोजिम हुनेछ ।

## परिच्छेद–४

## मतदाता नामावली

९. मतदाता नामावली: (१) जनमत संग्रहको लागि मतदाताहरूको नामावली मतदाता नाम संग्रह नियमावली, २०३६ बमोजिम तयार गरिएको मतदाता नामावलीलाई मानिनेछ ।

(२) मतदाता नाम संग्रह नियमावली, २०३६ बमोजिम प्रकाशित भएको अन्तिम मतदाता नामावलीमा नाम नभएका व्यक्तिले यस नियमावलीबमोजिम मतदान गर्न पाउँ भन्ने दावी गर्न पाउने छैन ।

## परिच्छेद–५

## मतदान

१०. मतदानको तरीका: (१) जनमत संग्रहमा मतदान गोप्य तरीकाले हुनेछ ।

(२) मतदान गर्दा मतपत्रको तोकिएको निश्चित स्थानमा तोकिएबमोजिम छाप लगाई मतदान गर्नु पर्नेछ ।

११. एक मतदान केन्द्रबाट मात्र मतदान गर्न पाउने: (१) मतदाताले कुनै पनि क्षेत्रअन्तर्गतको एक मतदान केन्द्रभन्दा बढी केन्द्रबाट मतदान गर्न पाउने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कुनै मतदाताले आफ्नो नाम प्रकाशित भएको क्षेत्रबाहेक अन्य क्षेत्रबाट मतदान गर्न चाहेमा त्यस्तो मतदाताले मतदान हुन तोकिएको दिनको कम्तीमा तीसदिन अगाडि मतदाता नामावली प्रकाशित भएको क्षेत्रको जनमत अधिकृतसमक्ष आफूले मतदान गर्न चाहेको अर्को क्षेत्रको मतदाता नामावलीमा आफ्नो नाम दर्ता गराउन मनासिब कारण देखाई निवेदन दिन सक्नेछ। त्यसरी निवेदन पर्न आएमा जनमत अधिकृतले आफूसँग रहेको मतदाता नामावलीमा जनाई मतदाताले मतदान गर्न चाहेको क्षेत्रको मतदाता नामावलीमा निजको नाम थप्न सम्बन्धित जनमत अधिकृतसमक्ष लेखी पठाउनु पर्नेछ।

तर यातायातको कारणले मतदानको लागि तोकिएको दिनको बहत्तर घण्टा अगाडि-सम्म पनि त्यस्तो सूचना सम्बन्धित जनमत अधिकृतसमक्ष पुग्न नसकेमा मतदाताले मतदान गर्न चाहेको क्षेत्रका मतदाता नामावलीमा निजको नाम दर्ता नहुन सक्नेछ।

१२. सरकारी कर्मचारी तथा आयोगको सदस्यको सम्बन्धमा विशेष व्यवस्थाः (१) आफ्नो नाम दर्ता भएको मतदाता नामावली प्रकाशित भएको क्षेत्रबाहेक अरू क्षेत्रमा काज खटी वा पदस्थापन भई खटी गएका सरकारी कर्मचारी वा आयोगका सदस्यले आफ्नो कार्यालय रहेको क्षेत्रअन्तर्गतको कुनै मतदान केन्द्रबाट मतदान गर्न पाउनेछ।

(२) उपनियम (१) बमोजिम मतदान गर्न चाहने सरकारी कर्मचारी वा आयोगका सदस्यले आफ्नो कार्यालयबाट परिचयपत्र लिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम आफ्नो कार्यालयबाट परिचयपत्र लिई आउने सरकारी कर्मचारी वा आयोगका सदस्यको सम्बन्धमा मतदान अधिकृतले छुट्टै मतदाता नामावली तयार गरी मतदान गर्न दिनु पर्नेछ।

१३. विदेशमा रहेका मतदातासम्बन्धी व्यवस्थाः (१) मतदाता नाम संग्रह नियमावली, २०३६ बमोजिम मतदाता हुन योग्यता पुगेका विदेशमा रहेका देहायका नेपाली नागरिक-हरूले आफू बसेको वा नजिकको देशस्थित नेपाली कूटनैतिक नियोगमा रहेको मतदान केन्द्रमा मतदान गर्न पाउनेछन्:–

(क) सरकारी कर्मचारी,

(ख) श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्थाको कर्मचारी,

(ग) उपरोक्त व्यक्तिहरूको परिवारको सदस्य।

(२) आयोगले तोकिदिएबमोजिमको फाराममा उपनियम (१) बमोजिम मतदाता-हरूको नाम संग्रह गर्न र मतदान गराउन आयोगले नेपाली कूटनैतिक नियोगका कर्मचारीलाई अधिकृत तोक्न सक्नेछ। निजले तयार गरेको मतदाता नामावली यो नियमावलीको प्रयोजनको लागि अन्तिम मानिनेछ।

(३) उपनियम (१) बमोजिम मतदान गर्न चाहने मतदाताले मतदाता नाम संग्रह फाराममा नाम दर्ता गराउन आफ्नो पासपोर्ट साथ लिई आउनु पर्नेछ। पासपोर्ट नहुने मतदाताहरूको हकमा नेपाली कूटनैतिक नियोगबाट परिचयपत्र लिनु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपनियम (३) बमोजिम पासपोर्ट वा परिचयपत्र लिई आउने मतदातालाई मतदान अधिकृतले मतदाता नामावलीमा नाम दर्ता गर्न पर्नेछ र सो मतदाता नामावलीमा नाम दर्ता भएका व्यक्तिलाई मात्र मतदान गर्न दिनु पर्नेछ ।

(५) यस नियमावलीको प्रयोजनको लागि "नेपाली कूटनैतिक नियोग" भन्नाले विदेश-स्थित शाही नेपाली राजदूतावास, नेपाली वाणिज्य दूतावास तथा संयुक्त राष्ट्रसंघको लागि नेपाली स्थायी नियोगलाई जनाउनेछ ।

१४. मतपत्र: मतपत्रको ढाँचा तोकिएबमोजिम हुनेछ ।

तर मतपत्रमा आयोगले आफ्नो कुनै चिह्न राख्न सक्नेछ र मतदान अधिकृतको सहि परेको वा निजको नामको छाप लागेको वा निजको दस्तखतको छाप लागेको हुनेछ ।

१५. मतपत्र दिने: (१) मतदान अधिकृतले प्रत्येक मतदातालाई निजको नाम मतदाता नामावलीमा भए नभएको हेरी निजको नाम रहेछ भने मतदाता नामावलीमा भएको निजको नाममा चिह्न लगाई मतपत्र दिनेछ ।

(२) मतपत्र दिएपछि मतपत्र लिने मतदाताको हातको कुनै ठाउँमा मतदान अधिकृतले चिह्न लगाई दिनेछ ।

१६. मतपत्र बदर हुने: देहायका मतपत्रहरू बदर हुनेछन्:—

(क) मतदान अधिकृतको सहि वा निजको नामको छाप वा निजको दस्तखतको छाप नभएको,

(ख) एकभन्दा बढी छाप लगाएको,

(ग) छाप नै नलगाएको,

(घ) तोकिएको छापबाहेक अरू कुनै चिह्न वा छाप लगाएको वा अन्य कुनै कुरा लेखिएको,

(ङ) संकेत नबुझिने गरी च्यातिएको वा फोहर गरिएको,

(च) मतपेटिकाबाहिर रहेको,

(छ) मत नदिने निश्चित गरी मतदान अधिकृतलाई फिर्ता दिएको,

(ज) निश्चित स्थानबाहिर छाप लगाएको,

(झ) मतसंकेत नबुझिने गरी छाप लगाएको,

(ञ) जाली मतपत्र,

(ट) आयोगको चिह्न नभएको ।

१७. नाम ढाँटी आएमा विरोध गर्न पाउने: (१) कसैले आफ्नो नाम ढाँटी मतदान गर्न आएको छ भन्ने लागेमा सम्बन्धित मतदान केन्द्रको मतदाताले पाँच रूपैयाँ धरौट राखी सबूद प्रमाण भए साथैमा पेश गरी मतदान अधिकृतसमक्ष निजको विरोध गर्न पाउनेछ ।

(२) उपनियम (१) बमोजिम विरोध गरिएमा मतदान अधिकृतले ठाडो बुझी तुरुन्त त्यसको निर्णय गर्नेछ र विरोध ठीक नठहरेमा धरौट जफत हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८. मतदान केन्द्रमा प्रवेश: मतदान अधिकृतले मतदान केन्द्रमा देहायका व्यक्तिहरूबाहेक अरूलाई प्रवेश निषेध गर्न सक्नेछ:–

(क) मतदाता,

(ख) जनाना मतदाताको काखमा रहेको बच्चा,

(ग) सम्बन्धित कर्मचारी,

(घ) आयोग, जनमत अधिकृत वा मतदान अधिकृत वा मतदान अधिकृतबाट अनुमति पाएको व्यक्ति ।

१९. अन्धा वा अशक्त मतदाता: कुनै अन्धा वा शारीरिक अशक्त मतदाताले आफैले मतदान गर्न नसक्ने भई सहयोगको लागि मतदान अधिकृत वा मतदान अधिकृतको सहायकलाई साथमा लैजान चाहेमा मतदान अधिकृत वा सहायक निजको साथमा जान सक्नेछ ।

२०. मतदान समयपछि प्रवेश गर्न नपाउने: मतदानको समय समाप्त भएपछि कुनै पनि मतदाता मतदान केन्द्रमा प्रवेश गर्न पाउने छैन ।

तर मतदान केन्द्रभित्र प्रवेश गरिसकेका मतदाताले भने मतदान गर्न पाउनेछन् ।

२१. निरीक्षण गर्न सक्ने: (१) मतपत्रमा छाप लगाउने स्थानमा कुनै मतदाता मनासिब समय-भन्दा बढी बसेमा वा मतदान अधिकृतलाई कुनै शङ्का लागेमा मतदान अधिकृतले छाप लगाउने स्थानभित्र आवश्यक निरीक्षण गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम मतदान अधिकृतले मतदान गर्ने वा छाप लगाउने स्थानमा निरीक्षण गर्दा कुनै मतदाताले अनुचित काम गर्न लागेको देखिएमा निजलाई तुरून्त बाहिर निष्काशन गर्न सक्नेछ ।

२२. संकटकालमा मतदान स्थगित गर्ने: कुनै मतदान केन्द्रमा मतदान शुरू भइसकेपछि वा मतदान नहुँदै हुल दंगा भई वा कुनै प्राकृतिक विपद् परी वा यस्तै अरू कुनै कारणले गर्दा निर्धारित दिनमा मतदान कार्य सम्पन्न हुन नसक्ने भएमा जनमत अधिकृत वा मतदान अधिकृतले सो दिन मतदानको काम स्थगित गरी साधारणतया त्यसको भोलिपल्टै मतदान सम्पन्न गर्ने सो कुराको सूचना तुरून्त आयोगमा दिनु पर्नेछ ।

२३. मतपेटिका बन्द गर्ने: (१) मतदान कार्य समाप्त भएपछि मतदान अधिकृतले मतदान केन्द्रमा उपस्थित भएका व्यक्तिहरूमध्ये कम्तीमा दुई जनाको रोहवरमा मतपेटिकाको प्वाल बन्द गर्नु पर्नेछ । त्यसरी रोहवरमा राख्दा पाएसम्म पञ्चायत व्यवस्था कायम राख्ने विचारका व्यक्तिमध्येबाट कम्तीमा एकजना र बहुदलीय व्यवस्था चाहने व्यक्तिमध्येबाट कम्तीमा एकजना राखिनेछ ।

(२) मतपेटिकाको प्वाल लाहाछाप नफोडी खोल्न नहुने गरी मतदान अधिकृतले लाहाछाप लगाउनु पर्नेछ र उपनियम (१) बमोजिम रोहवरमा रहेका कम्तीमा एकजना पञ्चायत व्यवस्था कायम राख्न चाहने व्यक्तिको र कम्तीमा एकजना बहुदल चाहने व्यक्तिको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लाहाछाप लगाउनुपर्छ । निजहरूले लाहाछाप लगाउन नचाहेमा रोहवरमा रहेका अन्य कुनै व्यक्तिले आफ्नो लाहाछाप लगाउन चाहेमा त्यस्तो व्यक्तिको लाहाछाप लगाए पनि हुन्छ ।

तर अन्य व्यक्तिको लाहाछाप लगाउँदा मतदान अधिकृतबाहेक अन्य दुईभन्दा बढी व्यक्तिको लाहाछाप लगाइने छैन ।

(३) मतपत्र दिंदा प्रयोग गरिएका मतदाता नामावली, मतपेटिकाबाहिर खसालिएका मतपत्रहरू, बाँकी मतपत्रहरू र जनमत संग्रहसम्बन्धी मुचुल्काहरू छुट्टा छुट्टै खाममा राखी मतदान अधिकृतले उपनियम (१) बमोजिमका व्यक्तिहरूको रोहवरमा लाहाछाप लगाउनु पर्नेछ र निजहरूले पनि लाहाछाप लगाउन चाहेमा लगाउन दिनु पर्नेछ ।

(४) माथि उपनियमहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशस्थित मतदान केन्द्रमा मतपेटिकाको प्वाल बन्द गर्दा सो लाहाछाप नफोडी प्वाल खोल्न नहुने गरी मतदान अधिकृतले आयोगबाट पठाएको लाहाछाप लगाउनु पर्नेछ र उपनियम (३) बमोजिमको कागजातहरू सिलबन्दी गर्दासमेत सो लाहाछाप लगाउनु पर्नेछ ।

२४. मतपेटिका हराएमा वा बिगारिएमा पुनः मतदान हुने: (१) कुनै मतदान केन्द्रको मतपेटिका हराएमा, लुटिएमा, खोसिएमा, कुनै गैर कानूनी तवरले खोलिएमा, बिगारिएमा, दुर्घटनावश नाश भएमा वा जानी जानी नाश गरिएमा जनमत अधिकृतले र विदेशस्थित मतदान केन्द्रको हकमा मतदान अधिकृतले त्यस्ता केन्द्रको मतदान बदर गरी त्यस्को सूचना आयोगलाई तुरुन्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम मतदान बदर गरिएको केन्द्रमा पुनः मतदान गर्ने मिति र समय सकभर चाँडो एकीन गरी सम्बन्धित जनमत अधिकृत वा मतदान अधिकृतले मतदान सम्पन्न भएपछि त्यसको सूचना आयोगमा दिनु पर्नेछ ।

२५. मतपेटिका पठाउने: नियम २३ र २४ बमोजिम मतपेटिका बन्द गरिसकेपछि मतदान अधिकृतले सो मतपेटिका र नियम २३ को उपनियम (३) मा उल्लेखित कागजातहरू सम्बन्धित जनमत अधिकृतसमक्ष सुरक्षासाथ तुरुन्त पठाउनु पर्नेछ ।

तर विदेशस्थित मतदान केन्द्रको हकमा सम्बन्धित मतदान अधिकृतले मतपेटिका र जनमत संग्रह सम्बन्धित सबै कागजातहरू आयोगमा पठाउनु पर्नेछ ।

## परिच्छेद–६

## मतगन्ती

२६. मतगन्ती गर्ने: (१) नियम २५ बमोजिम मतपेटिका प्राप्त हुन आएपछि जनमत अधिकृतले पाएसम्म पञ्चायत व्यवस्था कायम राख्न चाहने पक्षका कम्तीमा दुईजना र बहुदल चाहने पक्षका कम्तीमा दुईजना व्यक्तिको रोहवरमा कुनै एकपक्ष नपाइएमा स्थानीय व्यक्तिहरूबाट बढीमा थप दुईजना मानिसको रोहवरमा दुवै पक्षका नपाइएमा स्थानीय व्यक्तिहरूबाट बढीमा चारजना मानिसको रोहवरमा मतपेटिकाहरूमा लागेको लाहाछाप फोडी

४२१
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मतपेटिकाहरू घोप्ट्याई छासमिस गरी मिसाई रोहवरमा रहेका व्यक्तिको सामुन्नेमा मतगन्ती गर्नु पर्नेछ।

तर विदेशस्थित मतदान केन्द्रको मत गणना आयोगले तोकिदिएको अधिकृतको रोहवरमा जनमत अधिकृतले गर्नेछ ।

(२) जनमत अधिकृतले मतगन्तीको काम सकेसम्म लगातार जारी राखी सिध्याउनु पर्नेछ। कुनै कारणवश मतगन्तीको काम बीचैमा रोक्नु परेमा जनमत अधिकृतले खोलिएका मतपेटिकाहरू, मतपत्रहरू र जनमत संग्रहसम्बन्धी अन्य कागजातहरू उपनियम (१) बमोजिमका व्यक्तिहरूको रोहवरमा बन्द गरी आफ्नो र रोहवरमा रहेका व्यक्तिले चाहेमा निजहरूको समेत लाहाछाप लगाई सो र मतपेटिका खोल्न बाँकी भए सोसमेत हिफाजतसाथ राख्नु पर्नेछ। रोहवरमा रहेका व्यक्तिहरूको लाहाछाप लगाउने सम्बन्धमा नियम २३ को उपनियम (२) बमोजिम हुनेछ ।

(३) उपनियम (२) बमोजिम रोकिएको काम जनमत अधिकृतले यस नियमबमोजिम पुनः यथाशक्य चाँडो सम्पन्न गर्नु पर्नेछ ।

(४) मतगन्ती कार्य पूरा भएपछि रोहवरमा रहेका व्यक्तिबाट पञ्चायती व्यवस्था कायम राख्ने पक्षमा यति बहुदल व्यवस्था चाहने पक्षमा यति मत परेको भन्ने मुचुल्का गराउनुपर्छ।

२७. मतगन्ती गर्ने स्थानमा अरूलाई बस्न नदिने: (१) मतगन्ती गर्ने स्थानमा जनमत अधिकृतले सम्बन्धित कर्मचारीहरू र नियम २६ को उपनियम (१) बमोजिमका व्यक्तिहरूबाहेक अरू कसैलाई बस्न नदिन सक्नेछ ।

(२) मतगन्तीको काममा बाधा दिने कुनै पनि व्यक्तिलाई जनमत अधिकृतको आदेशले मतगन्ती गर्ने स्थानबाट बाहिर निष्काशन गर्न सकिनेछ ।

## परिच्छेद–७
## नतिजाको घोषणा

२८. जनमत अधिकृतले आफ्नो क्षेत्रको परिणाम तालिका आयोगमा पठाउने: (१) नियम २६ बमोजिम मतगणनाको काम सकिएपछि जनमत अधिकृतले आफ्नो क्षेत्रको मतदानको परिणाम तालिका तयार गरी यथाशक्य छिटो साधनद्वारा आयोगमा तुरुन्त पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको परिणाम तालिका आयोगमा पठाउँदा जनमत अधिकृतले आफ्नो क्षेत्रको जम्मा मतदाताको संख्या, जम्मा खसेको मतसंख्या, जम्मा बदर भएको मतसंख्या उल्लेख गरी मतदानको फाँटवारीसमेत तयार गरी पठाउनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२९. जनमत संग्रहको नतिजाको घोषणाः नियम २८ बमोजिम जनमत अधिकृतहरूबाट प्राप्त परिणाम तालिका र नियम २६ को उपनियम (१) को प्रतिवन्धात्मक वाक्यांशबमोजिम गरिएको मतगणनाको आधारमा आयोगले राष्ट्रव्यापी जनमत संग्रहको नतिजाको घोषणा गर्नेछ ।

## परिच्छेद—८
## विविध

३०. प्रचार गर्न नपाउनेः यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मतदान हुनुभन्दा दुईदिन अघिदेखि जनमत संग्रहको सिलसिलामा कसैले पनि कुनै किसिमको प्रचार गर्न पाउने छैन ।

३१. प्रचार प्रसारको सम्बन्धमा आयोगले निर्देशन दिनसक्ने अधिकारः (१) जनमत संग्रहको विषयलाई लिएर श्री ५ को सरकारको स्वामित्वमा रहेको प्रचार प्रसारको कुनै माध्यम वा सरकारी सवारी साधनको प्रयोग गरी प्रचार प्रसार गरेको लागेमा आयोगले जनमत संग्रहको सिलसिलामा पक्षपात हुन नदिनको लागि सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम आयोगले दिएको निर्देशनको पालना गर्नु त्यस्तो अधिकारीको कर्तव्य हुनेछ ।

३२. सहयोग गर्नु पर्नेः जनमत संग्रहको लागि आयोगले मागेको सहयोग दिनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

३३. गोप्यता कायम राख्नु पर्नेः जनमत अधिकृत, मतदान अधिकृत र जनमत संग्रहको काममा नियुक्त भएका वा खटिएका अन्य कर्मचारीहरूले जनमत संग्रहको काममा लाग्दा आफ्नो कामसम्बन्धी गोप्यता कायम राख्नु पर्नेछ ।

निर्देशन दिने अधिकारः आयोगले जनमत संग्रहको सिलसिलामा जनमत अधिकृत, मतदान अधिकृत तथा जनमत संग्रहमा लागेका अन्य कर्मचारीहरूलाई समय समयमा आवश्यक ठानेको निर्देशन दिन सक्नेछ र यसरी आयोगले निर्देशन दिएमा त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

३५. आयोगको आदेशको पालना गर्नुपर्नेः जनमत संग्रहको काममा खटी आएका सबै सेवाका कर्मचारीहरूलाई आयोगले आवश्यकतानुसार समय समयमा आदेश दिन सक्नेछ र सो आदेशको पालना गर्नु त्यस्तो कर्मचारीको कर्तव्य हुनेछ ।

३६. आयोगले निर्णय गर्न सक्नेः जनमतमा असर पर्ने गरी जनमत संग्रहको समयमा वा सोभन्दा अगाडि कुनै क्षेत्र वा मतदान केन्द्रमा कानून विरुद्ध कुनै किसिमको धाँधली वा कार्य भएको

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छ भन्ने कुराको शिकायत पर्न आएमा आयोगले छानबीन गरी तत्सम्बन्धमा तत्काल आवश्यक निर्देशन दिन सक्नेछ । आयोगको त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

३७. निर्णय अन्तिम हुने: जनमत संग्रहको सम्बन्धमा आयोगले गरेको निर्णय र यस नियमावली बमोजिम जनमत अधिकृत वा मतदान अधिकृतले निर्णय गर्न पाउने विषयमा जनमत अधिकृत वा मतदान अधिकृतले गरेको निर्णय अन्तिम हुनेछ ।

३८. नक्कल लिन पाउने: (१) मतदाता नाम संग्रहको सिलसिलामा आयोगबाट तयार भएको मतदाता नामावलीको नक्कल लिन चाहने व्यक्तिलाई आयोगले नक्कल दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम मतदाता नामावलीको नक्कल लिंदा आयोगले तोकिदिए-बमोजिम दस्तूर लाग्नेछ ।

३९. कागजात सडाउने: मतदाता नामावलीबाहेक जनमत संग्रहसम्बन्धी अन्य कागजातहरू जनमत संग्रहको नतिजा घोषणा भएपछि धुल्याउन सकिनेछ ।

आज्ञाले–
कृष्णप्रसाद घिमिरे
सदस्य-सचिव
राष्ट्रिय चुनाव आयोग

228

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार